## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

.. **मिक्वाखोला गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ८ मितिः २०७५/१२/२१

**भाग-१**

**मिक्वाखोला गाउँपालिका**

“मिक्वाखोला गाउँपालिकाको आकस्मिक अध्यक्षको  कोष कार्यन्वयन विनियम ऐन, २०७५”

मिक्वाखोला गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय आकस्मिक कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन सभाबाट स्वीकृत मिति:२०७५/.../....

प्रस्तावना: मिक्वाखोला गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम साथै स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ११ को न (१) ले दिएको अधिकार अनुसार यो मापदण्ड तयार गरी लागु गरिएको छ ।

१ आकस्मिक कोष भन्नाले देहायका कोषहरुलाई जनाउने छ ।

क. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम “मिक्वाखोला गाउँपालिकाको आकस्मिक अध्यक्षको कोष कार्यन्वयन विनियम ऐन, २०७५” रहेको छ ।(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

ख. आर्थिक वर्ष २०७४/७५ को गाँउ सभाबाट विनियोजित  रकम खर्च गर्ने अधिकार: (१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २०,००,००० (वीस लाखरुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम आकस्मिक कोषबाट खर्च गर्न सकिनेछ ।

ग. विनियोजन: (१) यस ऐनद्वारा आकस्मिक अध्यक्षको कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त मिक्वाखोला गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२. आकस्मिक अध्यक्षको कोषबाट खर्च गरिने कायक्रमहरु देहाय बमोजिम हुनेछन् ।

क. आर्थिक रुपमा विपन्न परिवार, व्यक्ति र पिछाडीएको वर्गको लागि नेपाल सरकारले नि शुल्क गरेको रोग वाहेक घातक रोग उपचारको लागि अधितम रु ५०,०००(पचास हजार रुपैयाँ) सम्म उपचार गरेको मान्यता प्राप्त स्वस्थ्य संस्थावाटको विल र रोगको प्रकृतिको आधारमा नगदै आर्थिका सहयोग गरिन्छ । नोट: यसले गाँउपालिकाका पदाधिकारी र कर्मचारीका लागि भने कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

ख. मिक्वाखोला गाँउपालिकाको राहत विचरण सम्वन्धि मापदण्ड २०७५ले विपद् भनी परिभाषित नभएका विषयहरुलाई कार्यपालिको निर्णयार्थ पास हुने गरि  आर्थिक सहयोग गरिनेछ ।

राम कुमार थाँवा
अध्यक्ष

ग. गाँउपालिको आर्थिक वर्षको रकम विनियोजन भई समक पश्चात विभिन्न दैविक प्रकोपवाट मिक्वाखोला गाँउपालिकाको क्षेत्र भित्रको भौतिक संरचनाको पुनर निर्माण तथा मर्मतको लागि प्राविधिक लगतको आधारमा उपधभोक्ता समिति मार्फत दर्च विनियोजन गरि कार्यन्वय गरिनेछ ।

घ. गाँउपालिको आर्थिक वर्षको रकम विनियोजनवाट गरिदै गरेको रकमवाट अपुग भएको अपुरो योजनाहरुमा प्राविधिक मूल्याङकनको आधारमा अधिकतम रु १०,००,००० (दश लाख रुपैयाँ ) सम्म थप रकम विनियोजन कार्यन्वयन गर्न सकिने छ ।

ङ. सामाजिक,सास्कृतिक संरचनाहरु दैविक प्रकोपवाट संरक्षण तथा संवद्धनको लागि प्राविधिक मूल्याङकनको आधारमा रकम खर्च गर्न सकिनेछ ।

३. आकस्मिक अध्यक्षको कोष कार्यन्वयन ढाँचा ।

क. गाँउ सभाले विनियोजन गरेको आकस्मिक अध्यक्षको कोष कार्यन्वयनको लागि अध्यक्षको सचिवालय मार्फत विनियोजन तथा कार्यन्वयन गरि निर्णायार्थ कार्यपालिकामा पेश गनेछ ।

ख. आर्थिक वर्षको अन्त्यमा आर्थिक प्रगति विवरण अध्यक्षको सचिवालय मार्फत प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाअन्तर्गत आकस्मिक अध्यक्षको कोष शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा दुई शीर्षक हुने भएकोले सोको वेग्लै लेखा श्रेता र प्राविधिक मूल्यांकन हुनुपर्नेछ र सेवा क्षेत्र बाहेक अन्य क्षेत्रका खर्च सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०,००,०० (दश लाख ) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम खर्च गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

राम कुमार साँवा
अध्यक्ष

आज्ञाले,

**योगेन्द्र राज गुरुङ**

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मिक्वाखोला **गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः...　　　　संख्याः...　　　　मितिः ..../../..

**भाग-२**

**मिक्वाखोला गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत